# स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः ०९ मितिः २०८३ साल असार २२ गते


## भाग-एक

## सिलीचोङ गाउँपालिका, ताम्कु, संखुवासभाको सूचना

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम सिलीचोङ गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सिलीचोङ गाउँपालिका

## संस्था दर्ता ऐन, २०८३

**सम्बत २०८३ सालको ऐन नम्बर : ०९**

**सामाजिक संघ संस्था दर्ता, सूचीकरण र परिचालन सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको ऐन**

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

**प्रस्तावना** : स्थानीय विकास प्रक्रियामा समुदाय तथा नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, आर्थिक, परोपकारी संस्था स्थापना, दर्ता एवम् सूचीकरण सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम “संस्था दर्ता ऐन, २०८३” रहेको छ ।

(२) यो ऐन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"अन्तराष्ट्रिय गैरसरकारी संस्था"** भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(ख) **“अध्यक्ष”** भन्नाले सिलीचोङ गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ग) **“उपाध्यक्ष”** भन्नाले सिलीचोङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) **“कार्यालय”** भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यस ऐन वा यस ऐन बमोजिम बन्ने नियमावलीमा वा कार्यपालिकाबाट तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) **"दर्ता अधिकारी"** भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ र सो शब्दले निजले संस्था दर्ता गर्ने आफ्नो अधिकार प्रत्यायोजन गरेको गाउँपालिकाको कर्मचारीलाई समेत जनाउँनेछ ।

(ज) **"दातृ निकाय"** भन्नाले सामाजिक, आर्थिक विकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्छ ।

(झ) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(ञ) **"पदाधिकारी"** भन्नाले संस्थाको कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरू समेतलाई सम्झनु पर्दछ ।

(ट) **"प्रबन्ध समिति"** भन्नाले संस्थाको गठन भइ दर्ता हुनु अघिको अवधिमा कार्य गर्नका लागि संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्दछ ।

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृत भइ कार्य गर्न तोकिएको कर्मचारीलाई समेत जनाउनेछ ।

(ड) **"बैठक"** भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ ।

(ढ) **"वडा"** भन्नाले गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।

(ण) **"विधान"** भन्नाले संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(त) **"साधारण सभा"** भन्नाले संस्थाको साधारण सदस्यहरूको भेला सम्झनु पर्दछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(थ) **"समिति"** भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।

(द) **"संस्था"** भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, आर्थिक, शारीरिक विकास तथा परोपकारी कार्यहरूको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएका सङ्घ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र, समिति, गैरसरकारी संस्था आदिलाई सम्झनु पर्छ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउँछ ।

## परिच्छेद -२
## संस्था गठन तथा दर्ता सम्बन्धी व्यवस्था

३. **संस्थाको गठन** : (१) गाउँपालिकाभित्र स्थायी बसोबास रहेका कम्तिमा सात जना वा सो भन्दा बढी नेपाली नागरिकहरु मिली संस्था स्थापना गर्न सक्नेछन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुन बमोजिम अन्य निकायमा दर्ता भएको संस्थाले गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र विस्तार गर्न उक्त व्यवस्था लागू हुने छैन ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

४. **<u>दर्ता नगरी सामाजिक संस्था खोल्न नहुने</u>** : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि सिलीचोङ गाउँपालिका क्षेत्रभित्र संस्था वा टोलविकास संस्था स्थापना र सञ्चालन गर्न हुँदैन ।

५. **<u>सामाजिक संस्थाको दर्ता</u>** : (१) सिलीचोङ गाउँपालिकाका क्षेत्रमा कार्यगर्ने गरी संस्था स्थापना गर्न चाहने नेपाली नागरिकले दफा ३ बमोजिम संस्था गठन गर्ने निर्णय सहित संस्था सम्बन्धि देहायका विवरण खुलाइ तोकिएको ढाँचामा संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम,

(ख) संस्थाको उद्देश्य,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) संस्थाको आर्थिक स्रोत,

(ङ) कार्यालय रहने ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निवेदन कार्यालयमा प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गर्नु पर्दछ ।

(३) उपदफा (२) बमोजिम संस्था दर्ता भएपछि दर्ता अधिकारीले तोकिएको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) दर्ता अधिकारीले संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना पाएको मितिले पैतीस दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिकामा उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उजुर पर्न आएमा अध्यक्षले आवश्यक छानविन गरी प्रतिवेदन पेश गर्न संघ संस्था हेर्ने समिति समक्ष पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त उजुरी सम्बन्धमा सम्बन्धित समितिले छानविन गरी उजुरी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सो विषयमा निर्णयको लागि अध्यक्षले कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम कार्यपालिकामा पेश हुँदा कार्यपालिकाले त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्न संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि दर्ता अधिकारीले संस्था दर्ता गरी दिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम कार्यपालिकामा पेश हुँदा कार्यपालिकाले त्यस्तो संस्था दर्ता गर्न मनासिब नठहराएमा कार्यपालिकाले सो संस्था दर्ता नगर्ने निर्णय गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम भएको निर्णय अन्तिम हुनेछ र सो उपर कहि कतै उजुर लाग्ने छैन ।

६. **संस्थाको सूचीकरण** : (१) दफा ३ को उपदाफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय वा प्रदेश कानून बमोजिम स्थापना र दर्ता भएको कुनै सामाजिक संस्थाले गाउँपालिकाको क्षेत्रमा कार्य गर्ने गरी कार्यक्षेत्र विस्तार र कायम गर्न चाहेमा देहायका विवरण खुलाइ संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित संस्था सूचीकरणको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(च) संस्थाको नाम,

(छ) संस्थाको उद्देश्य,

(ज) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(झ) संस्थाको आर्थिक स्रोत,

(ञ) कार्यालय रहने ठेगाना ।

(२) संस्था सूचीकरण सम्बन्धी अन्य व्यवस्था दफा १० बमोजिम हुनेछ ।

७. **संस्थाको कार्य समिति** : (१) दफा ३ बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन्:

(क) अध्यक्ष- १

(ख) उपाध्यक्ष -१

(ग) कोषाध्यक्ष- १

(घ) सचिव- १

(ङ) सहसचिव -१

(च) विधानमा तोकिएको संख्यामा सदस्यहरू

(२) दफा ३ को उपदफा (२) बमोजिमको संस्थाको हकमा समेत यसै दफा बमोजिम स्थानीय कार्य समिति गठन गर्ने व्यवस्था गरी सोही बमोजिम गर्नु पर्नेछ ।

(३) संस्थाको कार्यसमितिमा कम्तिमा तेत्तिस प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(४) कार्यसमिति सम्बन्धी अन्य व्यवस्था सम्बन्धित संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

८. **संस्थाको कार्यक्षेत्र** : (१) यस ऐन बमोजिम गठन र सूचीकरण हुने संस्थाको कार्यक्षेत्र गाउँपालिकाको क्षेत्र भित्र मात्र रहनेछ ।

९. **विधान** : (१) संस्थाको विधान तोकिए बमोजिमको ढाँचामा तयार गरी प्रबन्ध समितिबाट स्विकृत गरेको हुनु पर्नेछ ।

१०. **सङ्गठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकार वाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) संस्थाको सबै कामको निमित्त संस्थाको आफ्नो एउटा छाप हुनेछ ।

(३) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमति लिइ बेचबिखन गर्न सक्नेछ ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर तथा प्रतिवाद गर्न सक्नेछ र संस्था उपर पनि संस्थाको नामबाट नालिस उजुर लाग्नेछ ।

११. **<u>अघि दर्ता भइ स्थापना भएका संस्थाले दर्ता वा सूचीकृत गर्नु पर्ने</u>** : (१) यो ऐन प्रारम्भ हुनु अघि कानुन बमोजिम यस गाउँपालिका क्षेत्रमा केन्द्रीय कार्यालय वा कार्यक्षेत्र रहेका संस्थाहरूले ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र तोकिएको दस्तुर बुझाई संस्था दर्ता वा सूचीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस अघि गठन र दर्ता भएका टोल विकास संस्थाहरूले पुनः दर्ता गरी रहन पर्ने छैन ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएको र सिलीचोङ गाउँपालिका क्षेत्रमा कार्य गर्दै आएका संस्थाहरुले यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र यसै ऐन बमोजिम गाउँपालिकामा सूचीकृत भइ सक्नु पर्नेछ ।

१२.**<u>नवीकरण गर्नु पर्ने</u>** : (१) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र संस्था र टोल विकास संस्थाले देहायका कागजातहरु संलग्न राखी संस्था नवीकरणका लागि तोकिएको बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि १ प्रति

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) संस्था दर्ताको सक्कलै प्रमाणपत्र

(घ) कार्य समितिको निर्णय प्रतिलिपि ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि टोल विकास संस्थाहरूले सो को सट्टा सामाजिक परीक्षण प्रतिवेदन सहित निवेदन दिन सक्नेछन् ।

## <u>परिच्छेद -३</u>

## <u>संस्थाको आर्थिक व्यवस्थापन, सम्पत्ति र लेखा परीक्षण सम्बन्धी व्यवस्था</u>

१३. **<u>संस्थाको आम्दानी</u>** : (१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम,



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(ख) सरकारी तथा गैर सरकारी निकायहरू, सामुदायिक संस्थाबाट प्राप्त सहायता तथा अनुदानको रकम,

(ग) संस्थाले आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुने आम्दानी,

(घ) गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थासँग वा कार्यक्रमसँग कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम,

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम,

(च) तोकिए बमोजिम अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा स्थानीय बैंकमा खाता खोली सोही बैङ्क खातामा जम्मा गर्नु पर्नेछ ।

१४. **<u>संस्थाको खर्च</u>** : (१) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(२) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्य समितिको निर्णय बमोजिम हुनेछ ।

१५. **संस्थाको लेखा, लेखा परीक्षण र प्रतिवेदन** : (१) संस्थाको खाता कार्यसमितिको निर्णय बमोजिम (क) वर्गको वाणिज्य बैङ्कमा सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैङ्क खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको विवरण स्पष्ट रुपमा राखु पर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताब चौमासिक रुपमा कार्य समितिको बैठकमा पेस गर्नु पर्नेछ ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा पेस गर्नुपर्नेछ ।



सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(७) गाउँपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१६. **<u>लेखापरीक्षण गर्ने</u>** : (१) संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

(२) लेखापरीक्षकले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) संस्थाले तोकिएको म्याद भित्र लेखापरीक्षण प्रतिवेदन स्थानीय दर्ता अधिकारी समक्ष पेस गर्नुपर्नेछ र सो प्रतिवेदनका आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान वा दुरुपयोग गरेको देखिएमा स्थानीय दर्ता अधिकारीले त्यस्ता पदाधिकारी, कर्मचारी वा सदस्यबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

१७. **<u>हिसावको विवरण पठाउनुपर्ने</u>** : कार्य समितिले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनुपर्ने छ ।

१८. **हिसाब जाँच गर्ने** : (१) गाउँपालिका अध्यक्षले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारीद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत गाउँपालिका अध्यक्षले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाँच प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले तोकिएको म्यादभित्र हिसाव जाँचको प्रतिवेदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकाको अध्यक्षलाई लागेमा निजले त्यस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

१९. **जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा

सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ ।

२०. **<u>गाउँपालिकाले अनुदान दिन सक्ने</u>** : (१) समुदायको आर्थिक विकासका लागि कृषि उत्पादन, बजारीकरण तथा उद्यमशीलता विकासका लागि गाउँपालिकाले संस्थालाई आर्थिक अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा विनियोजन विधेयकमा रकम विनियोजन गरेर मात्र गराउन सकिनेछ ।

(३) संस्थालाई यस दफा बमोजिम अनुदान उपलब्ध गराउने विषय क्षेत्र र कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **<u>संस्थाको सम्पत्ति</u>** : (१) संस्थाका सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय दर्ता

अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिइ संस्थालाई फिर्ता बुझाइ दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय दर्ता अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानूनी उपचारमा जान सक्नेछ ।

(३)उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँ कार्यपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोकेको पुनरावेदन दिन सक्नेछ ।

(४) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ती वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध वा बिरामी गरेमा संस्थाको कुनै सदस्य वा प्रचलित कानून बमोजिम मुद्धाको कारवाही चलाउन सक्नेछ ।

## परिच्छेद -४

## कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था

२२. **कसुर गरेको मानिने** : (१) कसैले पनि यस दफा बमोजिमको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(२) दफा ३ विपरीत गैर नेपाली नागरिकले संस्था स्थापना गरेमा ।

(३) ) दफा ४ विपरीत संस्था दर्ता नगरी सञ्चालन गरेमा ।

(४) दफा ६ बमोजिम संस्था सूचीकरण नगरी सञ्चालन गरेमा ।

(५) दफा ७ को उपदफा (२) विपरीत स्थानीय कार्य समिति गठन नगरेमा ।

(६) दफा ७ को उपदफा (३) विपरीत कार्य समितिमा तेत्तिस प्रतिशत महिला सहाभागी नगराएमा ।

(७) दफा ११ बमोजिमको संस्थाहरू गाउँपालिकामा सूचीकृत नभइ सञ्चालन गरेमा ।

(८) दफा १२ बमोजिम नवीकरण नगरेमा ।

(९) दफा १७ बमोजिम हिसाब विवरण नपठाएमा ।

(१०) दफा १८ बमोजिम हिसाब जाँच गर्न नदिएमा ।

(११) दफा ३१ बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना नगरेमा ।

२३. **<u>जरिबाना सम्बन्धी व्यवस्था</u>** : (१) कसैले दफा २२ अन्तर्गतको कसुर गरे गराएमा दर्ता अधिकारी वा कार्यपालिकाले कसुरको मात्रा हेरी यस दफा बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) दफा २२ को उपदफा (२) विपरीत गैर नेपाली नागरिकले संस्था स्थापना गरेमा कार्यपालिकाले रू. दश हजार जरिवाना गराउनेछ ।

(३) दफा २२ को उपदफा (३) विपरीत संस्था दर्ता नगरी सञ्चालन गरेमा दर्ता अधिकारीले दर्ता गर्दा लाग्ने शुल्कको दोब्बर जरिवाना र दर्ता शुल्क समेत लिइ दर्ता गर्न लगाउनु पर्नेछ ।

(४) दफा २२ को उपदफा (४) विपरीत संस्था सूचीकरण नगरी सञ्चालन गरेमा दर्ता अधिकारीले दर्ता गर्दा लाग्ने शुल्कको दोब्बर जरिवाना र दर्ता शुल्क समेत लिइ दर्ता गर्न लगाउनु पर्नेछ ।

(५) दफा २२ को उपदफा (५) विपरीत स्थानीय कार्य समिति गठन नगरेमा दर्ता अधिकारीले पहिलो पटकको लागि रू. एक हजार जरिवाना गरी त्यस्तो समिति गठन गर्न आदेश दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम दिइएको आदेश कार्यान्वयन नगरेमा दर्ता अधिकारीले रू. पाँच हजार जरिवाना गरी त्यस्तो संस्थाको दर्ता वा सूचीकरण खारेज हुनेछ ।

तर निर्देशनको पालना गरी संस्था दर्ता खारेज नगरी दिन दर्ता अधिकारी समक्ष अनुरोध भएमा एक पटकका लागि छुट दिन सकिनेछ ।

(७) दफा २२ को उपदफा (६) विपरीत कार्य समितिमा तेत्तिस प्रतिशत महिला सहभागी नगराएमा दर्ता अधिकारीले रू. दुई हजार जरिवाना गरी कार्य समिति पुनर्गठन गर्न आदेश दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको आदेशको पालना नगरेमा दर्ता अधिकारीले रू. पाँच हजार जरिवाना गरी त्यस्तो कार्य समिति भङ्ग गरी पुनर्गठन गर्ने निर्णयका लागि कार्यपालिका समक्ष लेखी पठाउनु पर्नेछ ।

(९) दफा २२ को उपदफा (७) विपरीत संस्थाहरू गाउँपालिकामा सूचीकृत नभइ सञ्चालन गरेमा दर्ता अधिकारीले सूचीकृत गर्दा लाग्ने दस्तुरको दोब्बर जरिवाना र सूचीकृत दस्तुर लिई सूचीकृत गर्न लगाउनु पर्नेछ ।

(८) दफा २२ को उपदफा (८) विपरीत नवीकरण नगरेमा दर्ता अधिकारीले प्रत्येक वर्षको लागि नवीकरण दस्तुर बराबर जरिवाना र नवीकरण शुल्क लिइ नवीकरण गरी दिनु पर्नेछ ।

(९) दफा २२ को उपदफा (९) विपरीत हिसाब विवरण नपठाएमा दर्ता अधिकारीले पहिलो पटकको लागि रू. पाँच सय र त्यस पछिको प्रत्येक पटकको लागि थप एक हजार जरिवाना गर्नेछ ।

(१०) दफा २२ को उपदफा (१०) विपरीत हिसाब जाँच गर्न नदिएमा दर्ता अधिकरिले रू. दुई हजार पाँच सय जरिवाना गर्न सक्नेछ ।

(११) दफा २२ को उपदफा (११) विपरीत गाउँपालिकाले दिएको निर्देशनको पालना नगरेमा कार्यपालिकाले रू. दश हजार जरिवाना गरी त्यस्तो निर्देशन पालना गर्न आदेश दिनेछ ।

(१३ उपदफा (११) बमोजिमको आदेश पालना नगरेमा त्यस्तो संस्थाको दर्ता खारेज हुनेछ ।

(१४) यस दफा बमोजिम भएको जरिवाना तिर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

(१५) यस दफा बमोजिम भएको जरिवाना नतिरे नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरी त्यस्तो संस्थाको दर्ता खारेज हुनेछ ।

२४. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : (१) यस ऐन विपरीत कुनै संस्था वा निकाय वा व्यक्तिले गरेको कार्यले सरकारी, सार्वजनिक वा निजि वा व्यक्तिगत रूपमा कसैलाई क्षति पुगेको रहेछ भने दर्ता अधिकारी वा कार्यपालिकाले प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु बाहिरको परिस्थितिले गर्दा त्यस्तो क्षति पुग्न गएको अवस्थामा क्षतिपूर्ति गर्नु पर्ने छैन ।

२५. **जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि** : (१) यस ऐन बमोजिम जरिवाना गर्नुपरेमा तोकिए बमोजिमको ढाँचामा आदेश पर्चा खडा गरी सो को एक प्रति सम्बन्धितलाई बुझाइ सोको भरपाइ गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा दर्ता अधिकारी वा कार्यपालिकाले सम्बन्धित संस्था वा व्यक्तिले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट भएको कानूनको उल्लङ्घन तथा क्षति समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम दर्ता अधिकारी वा कार्यपालिकाले जरिवानाको आदेश दिदा जरिवानाको रकम, त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित संस्था वा व्यक्तिले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा दर्ता अधिकारी वा कार्यपालिकाले प्रहरीको सहयोगमा त्यस्तो जरिवाना गर्ने सम्बन्धमा भएको आदेश बुझाउन सक्नेछ ।

सिलीचोङ गाउँपालिका स्थानीय राजपत्र

(५) दर्ता अधिकारी वा कार्यपालिकाले गरेको जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(६) जरिवाना गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२६. **<u>उजुरी दिन सक्ने</u>** : (१) यस ऐन वा प्रचलित कानून विपरीत कुनै संस्था वा टोल विकास संस्थाले कुनै कसुर गरे गराएमा जो कोही नेपाली नागरिकले गाउँपालिका वा कार्यालय वा दर्ता अधिकारी समक्ष मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले लिखित सूचना वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रुपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा दर्ता अधिकारीले अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा संस्था वा टोल विकास संस्थाले यस ऐनको विपरीत क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाइनेछ ।

२७. **<u>जरिवाना असूल गर्ने</u>** : (१) यस ऐन बमोजिम भएको जरिवाना तिर्नु सम्बन्धित संस्था र व्यक्तिको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम भएको जरिवाना नतिर्ने संस्था वा व्यक्तिको चल अचल सम्पत्तिबाट गाउँपालिकाले त्यस्तो जरिवाना असुल उपर गर्न सक्नेछ ।

(३) यस ऐन बमोजिम गरिएको जरिवाना तोकिएको समयमा नतिर्ने नबुझाउने व्यक्तिलाई जरिवाना गर्ने निर्णय भएको मिति देखि थप १० दश प्रतिशत जरिवाना थप गरी असुल उपर गरिनेछ ।

(४) यस ऐन बमोजिम भएको जरिवाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद -५

## विविध

२८. **कार्य समिति भङ्ग गर्न सक्ने** : (१) सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरीत कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्य समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसमिति भङ्ग गर्दा कार्यपालिकाले सम्बन्धित वडाको वडा सदस्यको संयोजकत्वमा टोलविकास संस्था समन्वय समितिका पदाधिकारीहरू रहने गरी पाँच सदस्यीय प्रबन्ध समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको प्रबन्ध समितिले टोलविकास संस्था भङ्ग भएको मितिले एक महिना भित्र यसै कार्यविधि बमोजिम टोलविकास संस्थाको नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

२९. **<u>संस्थाको विघटन र त्यसको परिणाम</u>** : (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्ता संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्ता दायित्व गाउँपालिकाले बेहोर्नेछ ।

३०. **<u>संस्थाको उद्देश्यमा हेरफेर</u>** : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाका कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३१.**<u>निर्देशन दिने</u>** : (१) सिलीचोङ गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(२) सङ्घीय वा प्रादेशिक सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

३२.**<u>अधिकार प्रत्यायोजन</u>** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरू मध्ये सबै वा कुनै अधिकार गाउँपालिका अध्यक्षले आफू मातहतका पदाधिकारी वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. **<u>प्रचलित कानून बमोजिम समेत दर्ता गर्नु पर्ने</u>** : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था त्यस्तो कानून बमोजिम सम्बन्धित निकायमा समेत दर्ता गर्नु पर्नेछ ।

३४.**<u>प्रचलित कानून बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने</u>** : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा अर्को संघीय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्ता संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र एकीन हुनेछ ।

गाउँपालिकामा दर्ता भएको संस्था त्यसको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशील हुनेछ ।

३५.**पुनरावेदन** : यस ऐन बमोजिम दर्ताधिकारी तथा कार्यपालिकाले गरेको निर्णय उपर ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

३६.**नियमावली बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

३७.**निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने** : यस ऐन र यस ऐन अन्तरगत बनेको नियमावलीको उद्देश्य कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

३८.**खारेजी र बचाउ** : (१) सिलीचोङ गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**

प्रविण राई

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय